
जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर !।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
बर्ष १३ • अंक १६१ • २०८२ चैत्र १९ गते विहिवार • 2 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




# गणेशमान चारनाथमा सार्वजनिक सुनुवाई सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १८ चैत्र**



धनुषाको गणेशमान चारनाथ नगरपालिकामा संचालनमा रहेको दिगो कृषि परियोजनाको सार्वजनिक सुनुवाई सम्पन्न भएको छ। बीएफजेड र डब्लुएचएचको सहयोगमा आसमान नेपाल, जानकी महिला जागरण समाज र प्याक नेपालले संचालन गरेको उक्त परियोजनाको स्थानीय कृषक, जनप्रतिनिधिहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई गरिएको हो ।

गणेशमान चारनाथ नगरपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा किसानहरुले सिंचाई, विद्युतिकरण, बीउबिजन, निलगाईको समस्या, कृषि उपकरण लगायतको समस्या जनप्रतिनिधिसमक्ष राखेका थिए ।

किसानहरुको गुनासो मेट्दै गणेशमान चारनाथ नगरपालिकाका नगर उपप्रमुख तुलसा कुमारी पाण्डेले किसानहरुको समस्या समाधान गर्न पालिका प्रतिबद्ध रहेको बताइन् । उनले सिचाई, विद्युतिकरण, बिउबिजन जस्ता समस्या समाधान गर्दै अघि बढेको बताउँदै नगरपालिकाले उपलब्ध गराएका सामग्री नपाएको अवस्थामा किसानलाई सम्पर्क गर्नका लागि आग्रहसमेत गरिन् ।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष नन्दकिशोर यादवले सिचाईको समस्या समाधान गर्न पालिकाले संचालन गरेको योजनामा ५० प्रतिशत अनुदान गर्नुपर्ने तर्क गरे । किसानले सिचाईको लागि प्राप्त गरेको बोरिङको सदुपयोग हुन नसकेको तर्क गर्दै यादवले प्रयोगमा ल्याउन नसकेका बोरिङले सिचाई हुन नसकेको बताए। वडा नं. १० का वडाध्यक्ष जीवछ यादवले आफ्नो वडामा सिचाईको समस्या रहको स्वीकार गर्दै आगामी आर्थिक वर्षमा त्यो समस्या समाधान हुने जानकारी दिए । उनले आफ्नो वडाका किसानलाई मलखादको समस्या नरहेको दावी गरे । वडा नं. ४ का वडाध्यक्ष सोमबहादुर आलेमगरले नगरपालिकामा माटो परीक्षण गर्ने उपकरणको आवश्यक्ता औंल्याए। कार्यक्रममा नगरपालिकाका कृषि शाखा प्रमुख अर्जुन कुमार महतोले चालु आर्थिक वर्षमा किसानका लागि पालिकाले संचालन गरेको कार्यक्रमबारे जानकारी गराएका थिए । गणेशमान चारनाथ नगरपालिका सहित शहीद नगरपालिका र जनकनन्दनी गाउँपालिकामा संचालनमा रहेको दिगो कृषि परियोजना अन्तर्गत कम्तीमा ३ हजार घरधुरी लाभान्वित भइरहेको आसमान नेपालका रबि रौनियारले बताए ।

परियोजनाबारे एक प्रस्तुतिकरण गर्दै रौनियारले माटो परीक्षण, बीउ र कृषि उपकरण वितरण, फलफुलका विरुवा वितरण, आधारभूत अध्ययन जस्ता क्रियाकलाप संचालन गरिएको बताए। कार्यक्रममा किसानहरुले तरकारी बाली उत्पादनको क्रममा आएको समस्या, बीउबिजन र सिचाईको समस्या समाधानतर्फ ध्यान दिनुपर्नेमा जोड दिएका थिए ।




# अब जलेश्वर अस्पतालमै डायलासिस सेवा सुरु, जनकपुर जानै नपर्ने

**मो.इर्शाद**
**महोत्तरी, १८ चैत्र**



जलेश्वरस्थित प्रादेशिक अस्पताल जलेश्वर मा बुधबारदेखि डायलासिस सेवा सुरु भएसँगै यस क्षेत्रका मिर्गौला रोगीलाई ठूलो राहत पुगेको छ । अस्पतालले छ वटा डायलासिस मेसिन जडान गरेकामा पाँच वटा नियमित सञ्चालनमा ल्याइएको छ भने एक मेसिन आकस्मिक अवस्थाका लागि छुट्याइएको छ ।

मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री जङ्गीलाल राय लगायतका पदाधिकारीले सेवाको उद्घाटन गरेका हुन् । जनशक्ति अभावका कारण तीन वर्षदेखि थन्किएको डायलासिस सेवा आवश्यक व्यवस्थापनपछि सञ्चालनमा आएको अस्पतालले जनाएको छ। यसअघि यहाँका बिरामीलाई डायलासिसका लागि जनकपुर वा अन्य सहर धाउनुपर्ने बाध्यता थियो । स्थानीयले सेवा सुरु भएसँगै समय र यातायात खर्चमा कमी आएको बताएका छन्। सरकारले डायलासिस सेवा निःशुल्क उपलब्ध गराउँदै आएको छ । जलेश्रुवर नगरपालिकाका नगर प्रमुख सुरेश साह सोनारले जलेश्वरका बासिन्दालाई जनकपुरदेखि काठमाडौँसम्म डायलासिसका लागि सिफारिसका साथै आफ्नै गाडीबाट लग्ने गरेको बताउँदै यहाँ सुरुवातसँगै जलेश्वरसहित यस क्षेत्रका बासिन्दालाई राहत पुगेको बताए । अस्पतालमा डायलासिस सुरु भएसँगै यसक्षेत्रका बासिन्दालाई आर्थिक राहतसँगै समयको समेत बचत हुने देखिएको छ। जिल्लामा एउटा पनि डायलासिस मेसिन नहुदाँ मृगौला बिरामीलाई आर्थिक बोझका साथसाथै हैरानी समेत खेप्नु परिरहेको थियो ।

महोत्तरीका मिर्गौला रोगीलाई डाइलासिसका लागि जनकपुरसहित बाहिर जानुपर्ने वाध्यता रहेको थियो । जसले समयको बर्वादी तथा रकमको खर्च गरी दोहोरो मर्का हुने गरेको जलेश्रुवर नगरपालिका वडा नं. २ का विष्णु चौधरीले बताए ।

अस्पतालले आगामी दिनमा आइसियु, एनआइसियु तथा डिजिटल सेवा विस्तार गर्ने तयारीसमेत गरेको जनाएको छ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

# राष्ट्रिय आर्थिक गणना २०८२ लाई सफल बनाउने प्रतिबद्धता

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ चैत्र

आगामी वैशाख २ गतेबाट धनुषा जिल्लामा सुरु हुन लागेको राष्ट्रिय आर्थिक गणना २०८२ लाई सफल बनाउन निजी क्षेत्रका व्यवसायीहरूले आफ्नो पूर्ण सहयोग र सहभागिताको प्रतिबद्धता व्यक्त गरेका छन् ।




जिल्ला आर्थिक गणना कार्यालय धनुषाले बुधबार जनकपुरधाममा आयोजना गरेको सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रममा उद्योग, वाणिज्य तथा अन्य प्रतिष्ठानका प्रतिनिधिहरूले आर्थिक गणनाले सही तथ्याङ्क उपलब्ध गराउँदा देशको नीति निर्माण र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने भएकाले आफूहरूले गणकलाई आवश्यक विवरण प्रदान गर्न तयार रहेको जनाए । जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले मुलुकको आर्थिक विकास र नयाँ नीति निर्माणका लागि व्यवसायिक संस्थाहरूले तथ्यमा आधारित विवरण उपलब्ध गराउन सुझाव दिए । त्यस्तै, औषधि व्यवसायी संघका अध्यक्ष प्रमोद अग्रवालले पनि गणनाको आधारमा देशमा आर्थिक योजना र विकासमा मद्दत पुग्ने भएकाले सही विवरण उपलब्ध गराउन व्यवसायीहरूलाई अनुरोध गरे ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले पनि गणनामा आउने गणकहरूलाई सबैले तथ्यपरक जानकारी उपलब्ध गराउन अपिल गरे । जिल्ला आर्थिक गणना कार्यालयका जिल्ला गणना अधिकृत शिवनारायण महतोका अनुसार यस पटकको आर्थिक गणना १८ वटा क्षेत्रलाई आधार मान्दै वैशाख २ गतेदेखि असार ७ गतेसम्म धनुषा जिल्लामा सञ्चालन हुनेछ । नेपाल सरकारको लगानी र तयारीमा भइरहेको यस कार्यक्रममा सबै सरोकारवालाले सहयोग गर्नुपर्ने महत्त्व उल्लेख गरिएको छ । नेपालमा पहिलो आर्थिक गणना २०७५ सालमा जापान सरकारको सहयोगमा सम्पन्न भएको थियो । सो समयमा गणना भएका प्रतिष्ठानमध्ये दर्ता भएका संस्थाको संख्या ५०.१ प्रतिशत र दर्ता नभएका संस्थाको संख्या ४९.९ प्रतिशत रहेको थियो । मधेश प्रदेशमा १ लाख १७ हजार ६ सय ७० प्रतिष्ठानको गणना गरिएको थियो ।

## दुई पार्टीबिच एकीकरण



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ चैत्र

वृशेषचन्द्र लाल नेतृत्वको तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले जसपा नेपालसँगको एकीकरण भंग गर्दै आफ्नो पुरानो पार्टी पुनःस्थापित गरेको छ । गत मंसिर २४ गते तमलोपा, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनता प्रगतिशील पार्टी नेपालबीच एकीकरण भएको थियो ।

तर, करिब तीन हप्तापछि लोसपा र जसपा नेपालबीच हुने एकताको प्रक्रिया अघि बढ्दा तमलोपाले आफूलाई अलग्गै राख्नुपर्ने अवस्था आयो । तमलोपाका नेता रविशंकरकुमार कर्णले भने, ‘हामी पार्टी एकतामा गएका थियौं । तर, अब तमलोपा आफ्नै हैसियतमा सक्रिय छ ।’

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय

# नयाँ भविष्य निर्माण गरौं

*राजनीतिले जनताको चुलो कहिले बाल्ने होला ? परिवर्तनका नाममा सधैं विध्वंस मात्र भएको देखियो । नेताहरू फेरिए तर नीति कहिल्यै फेरिएन । अबको नेतृत्वले पुरानो जड बुझ्नुपर्छ । प्रतिशोधको राजनीतिले देश फेरि खाडलमा जान सक्छ । विकासको सपना देखाएर मात्र पुग्दैन । काम गरेर समृद्धिको ढोका खोल्न ढिला भयो । प्रत्येक १० वर्षमा तरंगित हुने नियति बदलौं । संविधान फेर्ने होइन, अवस्था फेर्ने सोचौं । राष्ट्रिय स्वतन्त्र पार्टीको विजय एउटा परीक्षण रहेको छ । यसले जनताको भावना बुझ्न जरुरी छ । नत्र अर्को दशकमा फेरि अर्को विद्रोह नहोला भन्न सक्दैन । नेपाली जनता सधैं आशामा बाँचिरहेको छ । अब यो आशालाई विश्वासमा बदल्नुपर्छ । नेपालको भूगोल सुन्दर छ तर राजनीति कुरूप यहाँका हिमाल हाँस्छन् तर जनता रुन्छन् । खोलाहरू बग्छन् तर विकास ठप्प छ, अब त नयाँ बिहानी आउनुपर्ने हो । युवाहरूको आक्रोशलाई सिर्जनामा बदल्नुपर्छ । तोडफोडले होइन, निर्माणले देश बन्छ । पुराना गल्तीबाट पाठ सिकेर अघि बढौं । दसवर्षे चक्रको यो घातक खेल बन्द गरौं । दिगो शान्ति र स्थायित्व आजको माग रहेको छ । संविधानको खेती पनि अब बन्द हुनुपर्छ । समृद्ध नेपालको सपना अब पूरा हुनुपर्छ । इतिहासले हामीलाई सधैं गिज्याइरहने त होइन ? त्यसैले आउनोस्, सबै मिलेर नयाँ भविष्य निर्माण गरौं ।*




## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: मित्रतामा फाटो आउने
सिंह: पिछडेको साथी मिल्ने
कन्या: खानपानमा समस्या आउने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: आम्दानी हुने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: मनमा पछुतो आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# संघीय सरकार व्यक्तिगत प्रतिशोधको राजनीतिमा लागेको आरोप



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ चैत्र

मधेश प्रदेश सभाका सांसदहरूले संघीय सरकारले विकास र शान्ति सुरक्षाको काम गर्नुभन्दा व्यक्तिगत प्रतिशोधको राजनीतिमा लागेको आरोप लगाएका छन् ।

बुधबार प्रदेश सभामा बोल्ने अधिकांश सांसदहरूले सरकारको व्यवहारले देशको शान्ति सुरक्षा खलबलिन सक्ने चेतावनी समेत दिए । बैठकमा सांसद हरिनारायण यादवले बालेन शाह नेतृत्वको संघीय सरकारले जेनजी आन्दोलनको नाममा गठन गरिएको छानबीन समितिलाई व्यक्तिगत प्रतिशोध साध्न प्रयोग गरेको आरोप लगाए । उनले भने, 'गौरीबहादुर कार्कीको नेतृत्वमा तयार पारेको प्रतिवेदनलाई विभिन्न दलका नेताहरूमाथि झुठा मुद्दा लगाएर जेल हाल्न प्रयोग गरिँदैछ । यसले देशमा शान्ति सुरक्षा खलबलिन सक्ने सम्भावना छ ।' उनले थपे, 'आज कांग्रेस र एमालेका नेताहरूमाथि झुठा मुद्दा लगाएर जेल हालिन्छ भने भविष्यमा अन्य पार्टीको सरकार हुँदा त्यस्तै प्रक्रिया गरिनुपर्ने अवस्था आउँछ ।' सांसद सुरिता साहले पनि संघीय सरकारले देशमा शान्ति सुरक्षा कायम राख्नभन्दा व्यक्तिगत प्रतिशोध साध्न खोजेको आरोप लगाइन् ।

उनले संघीय सरकार मधेश विरोधी भएको दाबी गर्दै भनिन्, 'मधेशीको मतबाट बनेको सरकारमा मधेशी, दलित र आदिवासी जनजातिको सहभागिता कतिको छ? यसैले प्रष्ट हुन्छ ।' सांसद रामसरोज यादवले संघीय सरकारले विदेशी प्रभावमा काम गर्दै आएको आरोप लगाए । उनले भने, 'निर्वाचनमार्फत जनताको मत अनुसार सरकार गठन भए पनि जेनजी आन्दोलनको छानबिन समिति गठन गरेर पूर्वमन्त्री तथा नेताहरूमाथि झुठा मुद्दा लगाउने तयारी देखाउँछ कि सरकार विदेशी योजना अनुसार देशमा खेलखेलको शिकार भएको छ ।' सांसद बिना देवी शर्माले पनि संघीय सरकारको उद्देश्य व्यक्तिगत दुश्मनी मेट्नमा सीमित भएको बताइन् । उनले भनिन्, 'एमाले र कांग्रेसका नेताहरूमाथि पक्राउ र झुठा मुद्दा लगाउने तयारी जारी छ । यसले सरकारको वास्तविक उद्देश्य स्पष्ट पार्दछ ।' बैठकमा अधिकांश सांसदहरूले प्रतिशोध साध्नकै लागि गौरीबहादुर कार्कीको नेतृत्वमा छानबीन समिति गठन भएको बताए । सांसदहरूले भदौ २३ र २४ गतेका विध्वंसका घटनामा संलग्न व्यक्तिहरूको छानबिन गर्न समेत जोड दिए । उनीहरूको भनाइ अनुसार राजधानीदेखि प्रदेशसम्म मन्त्रीहरूको घर र सम्पत्ति जलाउने घटनामा संलग्नहरूलाई कारवाही गर्न आवश्यक छ ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

जलेश्वर, महोत्तरी

प्रस्ताव अह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति :-२०८२/१२/१९

यस कार्यालयको आ.व.२०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिलका कार्यक्रमहरु संचालनका लागि सम्बन्धित कार्यक्रमको मापदण्ड तथा संचालन विधिमा उल्लेखित प्रावधान तथा शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न योग्य आवेदकहरुले देहाय बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८३/०१/०३) सम्म कार्यालय समय भित्र खामबन्दी प्रस्ताव दर्ता गर्नु/गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्होरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको website: vhlsecmahottari.p2.gov.np वा यस कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ । यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं.०४४-५२००७३, अधिकृत छैठौं श्री राम शंकर शर्माको मो.नं.९८४४१४११६५ र अधिकृत छैठौं श्री विजय पाण्डेयको मो.नं.९८४१९०३९६३ मा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | इकाई | परिमाण | कुल अनुदान रकम रु. | प्रति इकाई कार्यक्रम अधिकतम अनुदान रकम रु. | साझेदार अनुदानग्राहीको लागत | साझेदार अनुदानग्राही |
|---|---|---|---|---|---|---|---|
| १. | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम ( सर्वसाधारणको लागि ९०%) | कठ्ठा | २७० | ४५ लाख | १५ हजार प्रति कठ्ठा जलाश्य क्षेत्रफल | प्रति इकाई कार्यक्रम अनुदान रकम वाहेक बाँकी सबै | मत्स्य पालक कृषक/फार्म |
| | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम ( आरक्षित कोटा १०%) | कठ्ठा | ३० | | | | |
| २. | पोखरी भित्रको रेसवे प्रणालीमा मत्स्य पालन ( IPRS) कार्यक्रम | पटक | १ | ३० लाख | ३० लाख | ५० % | व्यवसायिक मत्स्य पालन फार्म |
| ३. | हरुवाचरुवा, दलित लगायत लक्षित वर्गको जीविकोपार्जनका लागि १००% अनुदानमा पशुपन्छी पालन | संख्या | ४ | २० लाख | ५ लाख | नभएको | हरुवा चरुवा लगायत लक्षित वर्गको समूह |

देहायः
आवेदनका साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु
१. कार्यक्रम अनुसारको ढाँचामा प्रस्ताव/आवेदन,
२. कार्यक्रम अनुसारको ढाँचामा संक्षिप्त कार्ययोजना,
३. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
४. व्यवसायिक फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. कार्यक्रम संचालन हुने स्थानको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपुर्जा र करार पत्रको प्रतिलिपि (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तिमा ५ वर्ष अवधिको),
६. तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि, किसान परिचयपत्रको प्रतिलिपि (भए),
७. लागत प्रतिबद्धता (स्वघोषणा), स्थानिय तहको पशुपंछी शाखाको सिफारिस र अन्य आवश्यक कागजातहरु ।

हरुवा चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जनको लागि पशुपन्छी पालन कार्यक्रमको हकमा थप संलग्न गर्नुपर्ने कागजातहरुः
१. सम्बन्धित स्थानिय तह/निकायबाट हरुवा चरुवा, दलित लगायत लक्षित वर्गको स्थानिय तह वा अधिकारीक निकायबाट पहिचान खुल्ने कागजातहरु,
२. समूह बैठकको कार्यक्रममा सहभागी गराईदिनुहुन र लागत प्रतिवद्धता खुल्ने निर्णयको प्रतिलिपि,
३. स्थानीय तहको कार्यक्रममा सहभागी गराई दिनु हुन विषयको सक्कलै सिफारिस पत्र ।

| क्र.सं. | कार्यक्रम नाम | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| ४. | सामुदायिक कृ.ग. कर्तालाई तालिम तथा लजिष्टिक सपोर्ट | कार्यक्रममा सहभागी हुनका लागि निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, मान्यता प्राप्त निकायबाट कृग.सम्बन्धि तालिम प्रमाणपत्रको प्रतिलिपि, कृ.ग. कार्यमा संलग्न रहेको स्वघोषणा |

कार्यालय प्रमुख

# वडा नं. १७ द्वारा वडा नं. २३ १७ रनले पराजित

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १८ चैत्र

जनकपुरधाममा जारी वडा स्तरीय क्रिकेट प्रतियोगिता २०८२ अन्तर्गत क्वार्टरफाइनल चरणको खेलमा वडा नं. १७ ले प्रभावशाली प्रदर्शन गर्दै वडा नं. २३ लाई १७ रनले पराजित गरेको छ ।

यस जितसँगै वडा नं. १७ प्रतियोगिताको सेमीफाइनलमा प्रवेश गरेको हो । टस जितेर पहिले ब्याटिङ रोजेको वडा नं. १७ ले निर्धारित १४ ओभरमा ७ विकेट गुमाउँदै ११२ रनको प्रतिस्पर्धात्मक लक्ष्य प्रस्तुत गरेको थियो । टोलीका लागि पंकज यादवले आक्रामक ब्याटिङ गर्दै २५ बलमा ४२ रन बनाए । उनको इनिङ्समा ५ चौका र २ छक्का समावेश थिए । त्यस्तै, रुपेशले २३ रन तथा रुपेश मुखिया 'बी' ले १७ रन थप्दै टोलीलाई मजबुत स्कोरसम्म पुर्‍याए । ११२ रनको लक्ष्य पछ्याएको वडा नं. २३ निर्धारित ओभरमा ७ विकेट गुमाउँदै ९५ रनमै सीमित भयो ।

# A Close Look at the Manas Language

Abstract

Generally, people found a view by hearing from others and become a butt of criticism. Instead, they ought to go deep into the idea themselves and come up with what is right. A philologist, born and brought up between Nepal and Ayodhya in India and exposed to Engilsh and Hindi, can discover on a careful reading that the M±nas is in Hindi and not in Awadhi as many suppose.

A language is a living thing and it keeps on growing with the passage of time. An English reader knows how the English language has developed over times by assimilating, adopting and adapting neighbouring languages. Hindi too has followed the same process to build up itself and flourish all over ¹ryavarta.

Key words: Manas, assimilating, adopting, adapting, epic, distribution, kanda, annotator.

After the Vedic Age began the Epic Age in ¹ry±varta, when two great epics the Ramayana and the Mahabharata were written. Valmiki was the first to compose the Ramayana in Sanskrit that, in course of time, was translated into numerous versions of other languages across the land, the most famous being Œriramacaritamanas, popularly known as the Manas for short, by Tulasidas in the 16th century. Unfortunately its language aroused a controversy and gained wide currency with the faux pas committed by Jwala Prasad, an annotator, who remarked at the outset that Tulsidas wrote the epic in the Awadhi language. By the time he stood himself corrected, the idea had lodged into the readers' mind who but read it with a religious point of view, leaving aside the linguistic lineage that exists between the people of Ayodhya in India and Nepal.

Drawing a conclusion on the basis of speculation and hearsay is a wrong trend. Recently, an Indian woman teacher at a quiz event was heard asserting that the Manas by Tulasidas is in the Awadhi language. Yet another, who loves to be called Poetess, a poetess Sweta Pandey, was also noticed on her Tiktok giving voice to the same. When cross-questioned, she shied away. Some Nepali philologists, versed both in English and Hindi, navigate none the better. The fault lies not with their expertise rather with their guesswork they take for granted.

In general, people reckon that the language of the M±nas must be Awadhi since its author was born in Ayodhya and also since it was authored there. Here they miss the point: they ought to know that Tulsidas did not live all his life in Ayodhya. Son of a Brahmin, he had to leave for Kashi, the modern Banaras, where he had the privilege of studying Vedas, Upanishads, Purans and other scriptures for 15 years at a stretch. After his studies were over, he attended to Rama Kathas told by his gurus and also, he himself travelled to various locations for telling the same, familiarizing with different languages and their dialects.

Truly speaking, Hindi laid its foundation at the hands of Tulasidas assimilating, adopting and adapting contemporary languages, Awadhi in particular and Nepali, Magahi, Bajjika and Bhojpuri in general, all of which have branched off Sanskrit. Surprisingly, there is no tinge of Maithili in the epic. Has the Maithili tongue its roots in Magahi, Bajjika and Bhojapuri?

A careful reading of the Manas reveals south-north distribution of the languages mentioned above. Just take the case of the Nepali language. There is no Kanda in it without at least a few Nepali words. The Lanka Kanda tops all with no less than 78 verbs alone, besides the words of other parts of speech. The Following couple of verses on page 777 in Lanka k±nda are a striking example:

Mandodari sunyo Phrabhu ayo
Kautukahi padhodi bandhayo

'Sunyo', 'ayo' and 'bandhayo' are pure Nepali verb words contained by these two very short verse lines. It does not mean that the Manas is in Nepali. Neither does it imply that it is in the Awadhi language simply because it resembles Awadhi. The thriving of the Hindi language can be likened to the process the English language followed for putting up its empire. The English scholar knows well how the English language, which has not more than 10% of its original words, has especially built itself up on the languages like French, Greek, Latin and others.

The following distinctive features determine the language of the Manas to be Hindi:

a) The gender of the verb must agree with the gender of the subject in all tenses, however, in the past when followed by 'ne' case- ending, it is not the subject's gender but object's the verb's gender goes with:

i) sayan kiye dekh± kapi tehee
mandir mahu na deeki baidehi (page no. 719, Sundarkanda)

ii) puni saba katha bibheeshan kabee
jehi bidhi janak suta taha rahee (page no. 721, Sundarkanda)

iii) nara banarahi sanga kahu kaise
kahee kath bhai sangati jaise (page no. 726, Sundark±nda)

iv) kahahu tata kehi bhanti janaki
rahati karati rachchh± swapranaki (page no. 741, Sundarkanda)

'ne' case-ending is deleted from (i), (ii) and (iii) to equate the meter of the verses.

b) In addition to the concord between nouns, verbs and objects, the agreement between the number of the object and its past verb is also well-observed in the Manas:

i) main durbachan kahe bahu tere
kaha muni papa mitihi kimi mere (page no. 147, Balakand)

ii) nath dekhi pada kamala tumhare

iii) aba pure saba kama hamare (page no. 155, Balakand )

iv) bachan kahe kachhu janak kumari (page no. 741, Sundarkand)

'Durbachan' and 'kama' are plural nouns without 'ne' case-ending, therefore the past plural verbs 'kahe' and 'pure' are matched.'papa' is being plural, the plural possessive adjective 'mere' is used.

c) The Hindi grammar has that the gender of the noun and its pronoun must match together. In the sentence, "mama janakahi tohee rahee mitai", (you and my father had a friendship), the feminine noun 'mitai' and the feminine pronoun 'tohee' match together in their gender.

d) The use of the first person 'main' (I) also marks the M±nas to be in Hindi.

These features from (a) to (d) are absent from the other sister languages. The spellings of words used by Tulasidas are those that suited the contemporary common folks. They baffle the modern readers a little as Geoffrey chaucer's do.

Pt Jawaharlal Nehru, the greatest annotator Hanuman Prasad Poddar and noted Hindi litterateurs share the same point of view that the M±nas has been written in Hindi. In the last chapter titled the R±mayana and the Mahabharat of his book Nehru Letters, Nehru writes on page 79 that Tulsidas composed the greatest epic in Hindi. Hanuman Prasad Poddar comes up with a breathtaking revelation in regard to its language. He says in his biography of Tulasidas that the latter aged 77 first initiated writing it in the Sanskrit language. But then, what he wrote by day vanished by night. This miracle happened for seven consecutive days; thereupon on the eighth night God Mahadeva and Parvati appeared in his sleeping room and asked him to leave kashi for Ayodhya and compose the sacred text there in the Hindi language, so that it would reach more and more devotees of Lord Rama, Who too is His God Who He keeps in His meditation day and night. Tulasidas's 15th couplet in the Balkanda is an admission of the episode regarding the language. It reads:

Sapanehun sachehun mohi para jaun Hara Gauri pasau

Tau phoor hohu so kahahu saba bhasha bhanti prabhau.

On top of all that, Hindi litterateurs take the epic for being in the said language. For conformation the readers are suggested to turn on page no. 89 of Hindi Sahitya ka Itihas by ¹charya Ramchandra Shukla.

**References:**

1. ¹charya, Bhanubhakta (BS2077). Asali ¹tha kanda Ramayana: Œri Durga sahitya Bhandar, Nepali khapada, varansi.
2. Carter, Ronald and Mcrae, John(AD2001). The Routledge History of Literature in English: Routledge Taylor and Francis Group.
3. Nehru, Jawaharlal (AD1925). Nehru Letters: Oxford University Press.
4. Poddar, Hanum±n Prasad (BS 2071). Œriramacaritamanas: Gita Preass, Gorakhpur.
5. Prasad, Jwala(AD2016). Œriramacaritamanas/ Ramayana: Rupesh Thakur Prasad, kachauri Gali, varansi.
6. Shukla, Ramchandra ¹charya (AD 2011). Hindi Sahitya ka Itihas: Anupam Prakashan, AShok Rajapath, Patana.
7. Wrenn, C.L. (AD1983). The English Language: Vikas Publishing House Pvt Ltd.



Balakeshwar Thakur
Retired Associate professor, English
R.R.Multiple campus, Janakpurdham
Contact no: 9813279604
Gmail I'd: thakurbalkeshwar 52@gmail.com

डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरु



डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाइबाट बच्नुपर्दछ ।
यसका लागि लामखुट्टेको नियन्त्रण नै उतम उपाय हो ।
लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरु अपनाऔं

डेंगी रोग बाट कसरी बच्ने ?

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

अनुरोधकर्ता
स्वास्थ्य कार्यालय
धनुषा, मधेश प्रदेश




## माईग्रेसन हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको विवरण भएको माईग्रेसन सर्टिफिकेट हराएकोले फेला पार्ने महानुभावले उपलब्ध गराई दिनु हुन अनुरोध छ ।

**तपसिल**

नाम : भवेश ठाकुर
सिरियल नं. : ४४८४०
माईग्रेसन नं. : ६१४१-०६८-६-३
रजिष्ट्रेशन नं.: ५-१-१४-२५-२००८

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday